# बाह्रबिसे नगरपालिका

## (बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धि दुरदृष्टि, विषयगत क्षेत्र तथा क्षेत्रगत रणनैतिक योजना र कार्यक्रम

## (२०७६-२०८०)

बाह्रबिसे नगरपालिका
बाह्रबिसे, सिन्धुपाल्चोक
प्रदेश नं. ३, नेपाल

## १. पृष्ठभुमी

नेपालको संविधान बमोजिम तत्कालिन साविकका घोर्थली गा. वि. स. को वडा नं १ देखी ४ सम्मको भुभाग, कर्थली, बाह्रविसे, गाती, घुम्थाङ, मानेश्वारा र राम्चे गा. वि.स लाई मिसाएर बाह्रबिसे नगरपालिकाको स्थापना भएको हो । कुल जनसंख्या २६११४ (महिला १२८५७, पुरुष १३२५७) रहेको यस नगरपालिकामा १८ बर्ष भन्दा कम उमेरका बालबालिकाहरुको जनसंख्या ९१३७ रहेका छन् ।
घरधुरी सर्वेक्षण २०७५ को तथ्यांक अनुसार यस नगरपालिकामा कुल घरधुरी ७६६० रहेको छ । २०७२ को विनाशकारी भुकम्प भन्दा अगाढी देशकै प्रसिद्ध तातोपानी नाकाको मूल मार्गमा पर्ने बाह्रविसे नगरपालिकामा कुल ५९ विद्यालय, एक कलेज, एक प्राथमिक स्वास्थ्यकेन्द्र सहित ५  स्वास्थ्य चौकी तथा एक नीजिस्तरवाट संचालित अस्पताल, १ सैनिक व्यारेक  र १ प्रहरी चौकी रहेका छन् । यहाँ हिन्दु, बौद्ध र इसाइ धार्मिक समुदायको बसोबास छ । यहाँ बाहुन, क्षेत्री नेवार, थामी,  तामाङ्ग, शेर्पा, जिरेल, विश्वकर्मा, नेपाली, गुरुङ, मगर, घर्तीहरुको बसोबास भएको यस नगरपालीकमा बालबालिकाको लागि निरन्तर शिक्षा, उपर्युक्त स्वास्थ्य सुविधाको परिपुर्ती तथा बेचबिखन एवं श्रम शोषण र बाल विवाह जस्ता समस्याहरुको अन्त गर्नु प्रमुख सवाल रहेको छ । यस परिवेशमा नगरपालिका क्षेत्रभित्र बालमैत्री समाज र अभ्यास प्रवर्द्धन गर्नका लागि बाह्रबिसे नगरपालिकाका कार्यक्रमहरुलाई मार्गनिर्देश गर्न निती तथा कार्यक्रम निर्माण गरि लागु गर्न जरुरी रहेको छ ।

## २. प्रमुख चुनौती र अवसरहरु

### क. चुनौती

कुल जनसंख्याको ३३.९८ प्रतिशत बालबालिका (१८ वर्ष मुनिका) रहेको यस नगरपालिका क्षेत्रमा बालबालिकाविरुद्ध हुने भेदभाव, बाल विवाह, अभिभावकहरुमा रहेको चेतनाको कमी, शिक्षक तथा अभिभावकहरुमा विद्यामान हिंसा सहितको अनुशासन अभ्यास, र बालबालिकाले बिचमै विद्यालय छाड्ने, बालश्रम तथा बालबालिकाको बेचबिखनको जोखिम तथा न्युन जन्मदर्ता र कुपोषण प्रमुख चुनौतीको रुपमा रहेका छन् । यसकासाथै :

- गर्भवती महिलाहरुलाई स्वास्थ्य परीक्षण, पोषण युक्त खाना नपुग्नु ,
- बाल दुर्व्यबहार, बाल यौनदुर्व्यबहारका घटनाहरु हुनु तर सो बाहिर नआउनु ,
- वालवालिकाहरु बेचबिखन र ओसारपसारमा पर्नु ,
- बाल श्रम, घरेलु बालश्रमिक, सडक बालबालिका बिद्यममान रहनु ,
- गरिबी र पारिवारिक झैझगडाका कारण बिद्यालय निरन्तर नहुनु र बिचैमा छाड्नु ,
- विद्यालयमा छात्रवासको व्यवस्था नहुनु, बिद्यालय टाढा हुनु ,
- विद्यालय बाल मैत्री नहुन ,
- स्थानीय तहमा बालबालिकाको सवालहरुले प्राथमिकता नपाउनु, संबोधन नहुनु ,
- अपाङ्ग, आमाबाबु बिहिन बालबालिकाको लागि शैक्षिक सहयोग, संरक्षण नहुनु ,
- बहुबिबाहका कारण बालबालिकाको उचित हेरचाह नहुनु ,
- बाल बिझ्याई, अपराधिक कार्यमा संलग्न बालबालिका हुनु ,
- अभिभावकले बेवास्ता गरिएका बालबालिका हुनु ,
- घरमुलीका रुपमा रहेका बालबालिका हुनु ,
- बाल बिबाह र बाल अबस्थामा आमा बन्ने बालिका हुनु ,
- अपाङ्ग मैत्री संरचना नहुनु,
- जनचेतनाको कमी हुनु ,
- बिशेष शिक्षाको अभाव हुनु ,
- मध्यपान तथा धुम्रपानमा बालबालिका फस्नु ,
- बिद्यालयमा छात्रामैत्री शौचालय नहुनु तथा सार्वजानिक शौचालय नहुनु ,
- उमेर नपुगी नागरिकता बनाउने तथा विदेश जाने समस्या हुनु ,
- अभिभावकहरुको बालबालिकाप्रति गैरजिम्मेवारी हुनु ,
- बालबालिकालाई बालगृहमा राख्ने अभिभावकहरुको मानसिकता हुनु ,
- अभिभावक शिक्षाको कमी हुनु ,
- लैगिक बिभेदबाट भ्रुण हत्या हुनु ,
- सामाजिक संजालको उचित प्रयोग गर्न नजानेर बिकृति निम्तिनु ,

**ख.अवसर**

नेपालको संविधान ले व्यबस्था गरे अनुरुप बालबालिकाको मौलिक हक, बालबालिकाको सर्वोत्तम हित राज्यका नीतीको रुपमा व्यबस्था हुनु, स्थानीय तहमा रहेका एकल अधिकार तथा प्रदेश र संघ सँगको साझा अधिकारका सुची र बालबालिका सम्बन्धि ऐन २०७५ का व्यवस्थाहरुले स्थानीय तहलाई बालबालिकाको क्षेत्रमा स्थानीय परिवेशमा आधारीत नियम तथा नीति तर्जुमा गर्न मार्ग प्रशस्त गरेको छ ।

बाह्रबिसे नगरपालिकामा विगतमा क्रियाशिल बाल संरक्षण समितीहरु, स्थानीय बाल क्लब तथा बाल सञ्जाल एवं सामुदायिक संस्थाहरु, राष्ट्रिय एवं अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु र सञ्चार माध्यमको क्रियाशिलताले बालअधिकार संरक्षण र सम्वर्द्धन गर्नका लागि थप अवसरहरु सृजना गरेको छ ।

राजनितिक दलहरुको प्रतिवद्धतापत्रले बालबालिकाको क्षेत्रमा लगानी बढाउने, बाल संरक्षण तथा सहभागिता प्रवर्द्धन गर्ने, शिक्षा र स्वास्थ्यको अवस्था सुधार गर्ने व्यबस्था गरे अनुरुप निर्वाचित जनप्रतिनिधिहरुलाई बालबालिकाको विषयमा निति तर्जुमा र कार्यक्रम कार्यान्वयन गर्न सबल वातावरण बनेको छ ।

**३. दुरदृष्टि, लक्ष्य, उद्देश्य, रणनिती र कार्यनीति**

**३.१ दुरदृष्टी :**

बालमैत्री शासन र बाल अधिकार सुरक्षित समाज सहितको बाह्रबिसे नगरपालिका ।

**लक्ष्य :**

नगरपालिका भित्र सबै बालबालिकाले सहज र सुरक्षित रुपमा शिक्षा, स्वास्थ्य, खेल मनोरन्जन लगायत संरक्षण र सहभागिता अधिकारको उपभोग गर्ने परिवेशको निर्माण गर्ने ।

**उद्देश्य :**

१. बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी संस्थागत मापदण्ड तथा संयन्त्रहरु निर्माण गरी लागु गर्ने ।
२. बालबालिकाविरुद्ध हुने हिंसा, दुर्व्यवहार तथा भेदभावको अन्त्य र जोखिम न्युनीकरण गर्ने ।
३. बालअधिकार संरक्षण र सम्वर्द्धनमा अभिभावक, बालबालिका, शिक्षक, स्वास्थ्यकर्मी तथा सामुदायिक नेतृत्व लगायत अन्य सरोकारवालाहरुको सचेत सहभागिता प्रवर्द्धन गर्ने ।

**रणनीति :**

*उद्देश्य १ सँग सम्बन्धित रणनीतिहरु*

क. बाल अधिकार नीति तथा बाल सुरक्षा मापदण्डलाई अनिवार्य गर्ने ,

ख. विद्यालय तथा बालबालिका शान्ति क्षेत्रको अवधारणालाई लागु गर्ने ,

ग. नगरपालिका , वडा र विद्यालयस्तरमा बालअधिकार संयन्त्रहरु निर्माण गरी परिचालन गर्ने ,

*उद्देश्य २ सँग सम्बन्धित रणनीतिहरु*

घ. घर तथा विद्यालयमा हुने शारीरिक हिंसा, दण्ड सजायको अन्त्य गर्ने ,

ङ बालश्रम, घरेलु वालश्रमतथा बालबालिकाको ओसारपसार तथा वाल विवाहको अभ्यास अन्त्य गर्ने ,

च. सुरक्षित र बालमैत्री अभ्यासलाई पुरस्कृत र प्रोत्साहन गर्ने ,

छ. बालअधिकार तथा बालसंरक्षणको अवस्था मापन र नियमित अद्यावधिक गर्ने ,

*उद्देश्य ३ सँग सम्बन्धित रणनीतिहरु*

ज. नगरपालिका तथा वडास्तरमा क्रियाशील निकायहरुबीच समन्वय र सहकार्यको सुनिश्चितता गर्ने ,

झ. बालबालिकाको संगठन तथा सञ्जालको सूचीकरण, सहकार्य र र सहभागिताको व्यवस्था गर्ने ,

ञ .अभिभावक, शिक्षक, स्वास्थ्यकर्मी, जनप्रतिनिधि, न्यायिक समिति, शिक्षा समिति लगायत निजी क्षेत्र नागरिक समाज सञ्चार जगत एवं अन्य सरोकारवालाहरुको सचेतना तथा क्षमता विकास गर्ने ।

ट. बालबालिको सर्वाङ्गिण विकासको लागि आवश्यक बजेट बिनियोजन गर्ने ।

**कार्यनीति :**

१. बाल अधिकार तथा बाल सुरक्षा सम्बन्धी नमुना मापदण्डहरु बनाइ लागु गर्नका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. विद्यालय, स्वास्थ्य संस्था, स्थानीय बजार तथा मनोरन्जन केन्द्र एवं धार्मिक स्थलहरुमा बाल सुरक्षा सम्बन्धी नीति बनाउन र लागु गर्न आवश्यक मापदण्ड तयार गरिनेछ ।

३. प्रत्येक विद्यालयको विद्यालय सुधार योजनामा बालबालिका तथा विद्यालय शान्ति क्षेत्रको अवधारणा र गतिविधिलाई अनिवार्य समावेश गरिनेछ ।

४. राजनीतिक दल तथा तिनका संगठनहरुलाई बालबालिका तथा विद्यालय शान्ति क्षेत्रको अवधारणाप्रति प्रतिवद्ध रहन समन्वय र सहकार्य गरिनेछ ।

५. नगरपालिका तथा वडा स्तरमा बाल अधिकार समिति, विद्यालयमा बाल संरक्षण समिति तथा विषयगत उपसमितिहरु निर्माण र परिचालन गर्न आवश्यक निर्देशिका र कार्यविधि लागु गरिनेछ ।

६. विद्यालय शिक्षकको क्षमता विकास अन्तर्गत दण्डरहित शिक्षण विधि सम्बन्धी प्रशिक्षण समावेश गरिनेछ ।

७. सामुदायिक भेला तथा सचेतना कार्यक्रमहरुमा बालमैत्री व्यबहार सम्बन्धी सूचना तथा जानकारी प्रदान गरिनेछ ।

८. बाल समुह गठन र सञ्चालन निर्देशिका निर्माण गरी लागु गरिनेछ ।

९. बाल समुह तथा सञ्जालहरुले विद्यालय तथा वडा कार्यालयबाट कार्यक्रम सहयोग प्राप्त गर्ने व्यवस्था मिलाइनेछ ।

१०. स्थानीय स्वास्थ्यचौकी, विद्यालय तथा वडा कार्यालयबाट बालमैत्री परिवार तथा अभिभावक पुरस्कार तथा प्रशंसापत्र प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

११. बालअधिकार र संरक्षणलाई प्रवर्द्धन हुनेगरी स्थानीय तहको क्षमता मूल्याङ्कन गरी विद्यमान क्षमता र चाहिने न्युनतम क्षमताको पहिचान गरी तालिम तथा क्षमता विकास गरिनेछ ।

१२. नगरपालिकाले केन्द्र र प्रदेशबाट प्राप्त बजेट, मार्गदर्शन र आफ्नो स्रोतलाई आधार मानी बालअधिकार र संरक्षणका क्षेत्रमा प्राथमिकताका साथ वजेट विनियोजन गर्ने छ ।

१३. नगरपालिका स्तरका सम्पुर्ण निकाय तथा सार्वजनिक संस्थाहरुमा सेवा प्रदायकहरुको नक्साङ्कन गरी आवश्यक समन्वय र सहकार्य गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१४. प्रत्येक बाल समूहहरुको बैठकबाट प्रस्तावित आवश्यक कार्यक्रमहरु नगरपालिकाको एकीकृत योजना तर्जुमाका लागि पेश गरिनेछ ।

१५. बाल संरक्षण, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमका लागि योजना तर्जुमाका साथै आवश्यकता अनुरुप सम्वन्धित निकायहरुमा समन्वय तथा सहकार्य गरिनेछ ।

१६. बालविवाह, बहुविवाह, लैगिक हिंसा, छुवाछुत, दाइजो, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्यका लागि बालबालिका सम्वन्धी ऐनका व्यवस्थाहरुको कार्यान्वयनमा जोड दिइनेछ ।

१७. बाल अधिकार समितिमार्फत पालिकास्तरमा बालबालिकाको समग्र स्थिति र उपलव्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्वन्धमा आवधिक रुपमा निरीक्षण र अनुगमन गरिनेछ ।

१८. बालबालिका सम्बन्धी जन्म दर्ता, विद्यालय भर्ना, विवाह दर्ता, अनाथ, अशक्त, बसाँइसराइ दर्ता, पारिवारिक लागत अभिलेख तथा नियमित अद्यावधिक गर्ने व्यवस्था गरिनेछ ।

१९. हिंसा, दुर्व्यवहार पीडितलाई आश्यकता अनुसार सुरक्षाको लागि आवश्यक व्यवस्था, बसोबासको प्रवन्ध गर्नुका साथै भरणपोषणको लागि उचित व्यवस्था गरिनेछ ।

२०. प्रारम्भिक बाल विकास तथा आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक तथा वैकल्पिक शिक्षाका लागि आवश्यक नीति, मापदण्ड, योजना तर्जुमा तथा कार्यान्वयन गरीनेछ ।

२१. टुहुरा, अति अशक्त तथा परित्यक्त एमम्  गम्भिर अपाङ्गता भएका विशेष आवश्यकता भएका बालबालिका पहिचान गरी  उनीहरुका लागि सामाजिक संरक्षण भत्ता प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

२२. बालबालिकालाई प्रत्यक्ष सेवा सहयोग तथा बाल मैत्री एवम्  बाल अधिकारका कार्यक्रमहरु पालिकाअन्तर्गत गठित बाल अधिकार समितिको समन्वयमा सञ्चालन गर्न एकद्धार प्रणाली लागु गरिनेछ ।

**४. प्रमुख कार्यक्रमहरु**

**क. बालबालिकाको सुरक्षित जन्म र पोषण तथा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु**

१) गर्भवती महिला पहिचान तथा नियमित स्वास्थ्य जाँचका लागि स्वास्थ्य स्वयंसेविकामार्फत प्रोत्साहन र घर दैलो कार्यक्रम ,

२) गर्भवती महिला र अनुमानित जन्म दिनको तथ्यांक स्वास्थ्य चौकी तथा स्थानीय स्वास्थ्य समितिमा राख्ने र अनुगमन गर्ने ,

३) नेपाल सरकारले तोके बमोजिम बालबालिकाको लागि पोषण भत्ता तथा अति विपन्न परिवारलाई पालिकाको तर्फबाट नदोहोरिने गरी पोषण भत्ता वा सामग्रीको कार्यक्रम ,

४) अनिवार्य नियमित खोपका लागि स्वास्थ्य स्वयंसेविका मार्फत घर दैलो र नियमित खोप शिविरका कार्यक्रम ,

५) गर्भमा हुने लैङ्गिक विभेद (छोरा छान्ने प्रवृत्ति) को अन्त्य तथा २० बर्ष भन्दा पहिले गर्भवती हुने अवस्था रोक्न विद्यालय तथा समुदायमा प्रजनन स्वास्थ्य, अस्थायी गर्भ निरोध सेवा तथा परिवार नियोजनका बारेमा सचेतना कार्यक्रम ,

६) स्वास्थ्य चौकीबाट जन्म प्रमाणपत्र उपलब्ध गराउने तथा ३५ दिनभित्र वडा कार्यालयमा प्रचलित नियम बमोजिम जन्म दर्ता गर्ने व्यवस्था गर्ने ,

**ख. शिक्षा, सिप तालिम तथा खेलकुद र विकास सम्बन्धी कार्यक्रमहरु**

१) प्रत्येक विद्यालयसँगको सहकार्यमा प्रारम्भिक बाल विकास शिक्षा कार्यक्रम सञ्चालन गर्ने ,

२) सामुदायिक विद्यालयहरुमा पूर्ण निःशुल्क शिक्षा, सबै बालिकालाई नदोहोरिने गरी छात्रवृति, दलित एवं अपाङ्गता भएका बालबालिकालाई अनिवार्य छात्रवृत्ति प्रदान गरिने ,

३) संघ संस्थाहरुबाट विद्यालयमा प्रदान गरिने छात्रवृत्तिलाई एकद्धार प्रणाली अन्तर्गत विद्यालय व्यवस्थापन समितिसँग समन्वय  गरी  वितरण गर्ने व्यवस्था कायम गर्ने,

४) नीजी विद्यालयहरुको वर्गीकरण गरी लगानी, शैक्षिक पूर्वाधार, गुणस्तर र स्थानीय आर्थिक सम्भाव्यतालाई आधार मानी अधिकतम शुल्क सीमा निर्धारण गर्ने ,

५) मर्जरका कारण आधा घण्टाभन्दा टाढाको दुरीमा विद्यालय भएका कारण विद्यालय शिक्षाबाट बन्चित हुने जोखिममा रहेका बालबालिकाको लागि वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने ,

६) १५ बर्ष भन्दा कम उमेरका बालबालिका अनिवार्य रुपमा विद्यालयमा रहने व्यवस्था लागु गर्न विद्यालयहरुले नियमित पकड क्षेत्र अनुगमन र निरन्तर भर्नाको व्यवस्था लागु गर्ने ,

७) पालिकास्तरमा एक बहुविषयक प्राविधिक शिक्षालय स्थापना गर्ने र आधारभूत शिक्षा पूरा गरेकाहरुलाई प्राविधिक शिक्षालयमा भर्ना हुने व्यवस्था गर्ने ,

८) प्राविधिक शिक्षालयमा ३३ प्रतिशत सिट अनिवार्य किशोरीहरुका लागि आरक्षित गर्ने ,

९) प्रत्येक वडामा एक बाल उद्यान तथा खेल मैदान र पालिका स्तरमा एक बाल सिर्जना केन्द्र तथा पुस्तकालय सञ्चालन गर्ने ,

१०) प्रत्येक वर्ष पालिकास्तरीय विभिन्न बाल खेल प्रतियोगिता आयोजना गर्ने । बालिकाहरुका लागि विशेष रुपमा साहसी खेलको प्रतिस्पर्धाको आयोजना गर्ने ,

११) सबै विद्यालयहरुमा मासिक रुपमा अनिवार्य सिर्जनात्मक प्रतियोगिता, अर्धवार्षिक खेल प्रतियोगिताको आयोजना गर्ने ,

१२) सबै विद्यालयहरुमा अनिवार्य रुपमा बालबालिकाका लागि खेलकुद सामग्रीको व्यवस्था गर्ने ,

**ग. बालबालिकाको संरक्षण तथा न्यायमा पहुँच सम्बन्धी कार्यक्रमहरुः**

१) सबै विद्यालयहरुमा अनिवार्य रुपमा बाल संरक्षण नीति तथा आचारसंहिता निर्माण र कार्यान्वयन गर्ने ,

२) प्रत्येक विद्यालय, स्वास्थ्य सेवा केन्द्र तथा वडा कार्यालयहरुमा सुझाव पेटिकाको व्यवस्था गर्ने ,

३) राजनीतिक दल तथा तिनका संगठनहरुमाझ बालबालिका तथा विद्यालय शान्ति क्षेत्र सम्बन्धी नियम तथा कानुनको जानकारी गराउने र शान्ति क्षेत्र प्रतिवद्धता गर्न लगाउने ,

४) विद्यालय तथा अभिभावकहरुमाझ बाल हिंसा, दुर्व्यवहार, बेचबिखन, यौन शोषण, बालश्रम, बाल विवाह तथा सहयोगी निकायहरुका बारेमा जानकारी दिन वार्षिक रुपमा नियमित सचेतना कार्यक्रम सञ्चालन गर्ने ,

५) बालअधिकार समिति अन्तर्गत बालश्रम तथा बालबेचबिखन विरुद्धको उपसमिति गठन गरी परिचालन गर्ने ,

६) बालबालिकाका लागि सेवा प्रदायकहरुको नक्शांकन गरी ती नक्शाहरु सबै विद्यालय, स्वास्थ्य सेवा केन्द्र, वडा कार्यालय तथा सामुदायिक भवनहरुमा उपलब्ध गराउने ,

७) हिंसा, दुर्व्यवहार पिडित बालबालिकाको सहायताका लागि उद्धार, घरफिर्ती, निःशुल्क कानुनी सेवा, पुनर्स्थापना सेवा जस्ता सेवाहरु उपलब्ध गराउने ,

८) बाह्रबिसे नगरपालिकाले बालबालिका अक्षय कोषको स्थापना र व्यवस्था गरी कार्यविधीले तोके अनुसार कार्यान्वयन गर्ने ।

**घ. बालबालिकाको सहभागिता प्रवर्द्धन सम्बन्धीः**

१) बस्तीस्तर देखि नगरपालिकास्तर सम्मको योजना निर्माण प्रक्रियामा बाल समुह तथा सञ्जालका प्रतिनिधिहरुलाई स्वतन्त्र र सचेत सहभागी गराउने ,

२) सबै विद्यालय तथा वडाहरुमा अनिवार्य बाल क्लब गठन गर्न बाल क्लब गठन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गर्ने ,

३) बाल क्लब तथा सञ्जालका सदस्यहरुलाई क्षमता विकास सम्बन्धी प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने ,

४) बाल क्लब तथा सञ्जालका गतिविधिहरुलाई स्थानीय संघ संस्थाको सहकार्य समेतमा वडा कार्यालय तथा विद्यालयबाट सहायता उपलब्ध गराउने ,

५) नगरपालिका भित्र गठन भएका सबै बाल क्लबलाई स्थानीय वडा कार्यालयमार्फत नगरपालिकामा सूचीकृत गर्ने र प्रमाणपत्र उपलब्ध गराउने ,

६) विद्यालयमा तथा बाल क्लब र सञ्जालहरुमा स्थानीय पालिकाको संरचना, नेपालको राजनीतिक संरचना तथा प्रक्रियाबारेमा बार्षिक रुपमा विशेष कक्षा तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ,

**ङ. बाल अधिकार तथा बाल संरक्षण संयन्त्र गठन र सञ्चालन सम्बन्धीः**

१) नगरपालिका तथा वडास्तरमा बाल अधिकार समिति तथा विद्यालयहरुमा बाल संरक्षण समिति अनिवार्य रुपमा गठन गर्ने ,

२) विद्यालय प्रहरी चौकी, स्वास्थ्य केन्द्र, नगरपालिका वडा कार्यालयमा तथा विद्यालयमा बालबालिका फोकल पर्सन तोक्ने ,

३) हिंसा, दुर्व्यवहार, श्रम शोषण तथा कसुरबाट पीडित बालबालिकाको उद्धार, पुनर्स्थापनाको लागि नगरपालिकास्तरमा बाल कोष सञ्चालन गर्ने ,

४) जोखिममा रहेका तथा विशेष आवश्यक्ता भएका टुहुरा, गम्भीर अपाङ्गता भएका तथा परित्यक्त बालबालिकाका लागि नियमित बजेटबाट सामाजिक संरक्षण भत्ता उपलब्ध गराउने ,

## ५. अपेक्षित उपलब्धी

स्थानीय सरकार र विद्यालयहरूले बाल अधिकार तथा संरक्षणका विषयहरुमा आवश्यक वजेट तथा कार्यक्रम प्राथमिकरण गरी  व्यवस्था गर्न स्थानीयस्तरमा सक्रियरुपमा पूर्ण सहयोग गर्नेछन् । विद्यालय शान्ति क्षेत्र तथा बाल संरक्षण नीतिहरूलाई स्थानीयस्तरका समावेशी विद्यालय सुधार योजना तथा शिक्षा नीतिमा प्राथमिकता दिइनेछ । बालबालिका सम्वन्धि सेवा प्रवाह गर्ने निकाय सुदृढ भएको, उनीहरु उपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहार अन्त्य भएको हुनेछ । अभिभावक, रेखदेखकर्ता र सरोकारवाला निकायबाट बालिकाहरूको बढ्दो आत्मविश्वासलाई समर्थन गर्दै उनीहरूलाई आफ्नो जीवनको निर्णय गर्ने कार्यमा मद्दत गर्नेछन् । नगरपालिकाले बालमैत्री स्थानीय शासनको सुनिश्चितता गर्दै सिंगो बाह्रबिसे नगरपालिका बालमैत्री नगरपालिकाको रुपमा रुपान्तरित हुने छ ।